बागमती प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

हेटौंडा, नेपाल

प.सं.- क/२/१/१/२०७८/०७९
च.नं.- ३१९५

मितिः-२०७९/०३/२८

विषयः- अस्थायी दरबन्दी प्रस्ताव र स्वीकृति बारे।

श्री सबै मन्त्रालय
श्री प्रदेश सभा सचिवालय
श्री सबै आयोग/ निकायहरु
बागमती प्रदेश, हेटौंडा।

प्रस्तुत विषयमा तहाँ मन्त्रालय/सचिवालय अन्तर्गत निकायहरुमा सालबसाली तथा आवधिक समयको लागि सञ्चालनमा रहेका वा आगामी आर्थिक बर्षमा स्थापना हुने निर्णय भएका आयोजना/योजना, निकायहरु र सोको लागि आवश्यक दरबन्दीहरु सिर्जनाको स्वीकृतिको लागि प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्तहरुको सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७८ को दफा ७ बमोजिम सम्बन्धित मन्त्रालय/ सचिवालय/आयोग/ निकायले आफू अन्तर्गतका निकाय वा आयोजनाको अस्थायी दरबन्दीमा कर्मचारीलाई काज खटाउनु पूर्व त्यस्ता निकाय वा आयोजनाको कार्यविधि, कामको चाप र सेवा प्रवाह गर्दा लाग्ने आवश्यक जनशक्ति विश्लेषण गरी सोही अध्यादेशको उपदफा (२), (३), (७) र (८) बमोजिम सम्बन्धित मन्त्रालय/सचिवालय/आयोजना/निकायले प्रत्येक आर्थिक बर्षको लागि त्यस्तो निकाय वा आयोजनाको अस्थायी दरबन्दी प्रदेश सरकार, मन्त्रिपरिषद्बाट स्वीकृति गराउनु पर्ने छ भन्ने व्यवस्था रहेकोले त्यस्ता निकायहरुको पद पूर्ति तथा रिक्त पदको विवरण सहित स्थायी/अस्थायी/ सेवा करार कुन किसिमले पदपूर्ति भएका छन् सोको विवरण सहित आयोजना/योजना/ निकाय स्थापनाको निर्णय र त्यसको निमित्त आवश्यक पर्ने बजेट व्यवस्थाको सुनिश्चितता समेतको यकिन विवरण समेत प्राप्त भएपछि स्वीकृतिको लागि मन्त्रिपरिषद्मा पेश गर्नु पर्ने भएकोले देहायको ढाँचामा फाराम भरी २०७९/०३/३० गतेभित्र यस कार्यालयमा आईपुग्ने गरी माग गर्ने र प्राप्त भए पछि स्वीकृतीको लागि मन्त्रिपरिषद्को बैठकमा प्रस्ताव पेश गर्ने भनी यस कार्यालयको मिति २०७९/०३/२८ को निर्णय (प्रमुख सचिवस्तर) अनुसार उल्लेख भए बमोजिम देहायको ढाँचामा फाराम भरी तोकिएको समयभित्र उपलब्ध गराइ दिनु हुन निर्णयानुसार अनुरोध छ।

देहाय
आयोजना/निकाय गत प्रस्तावित अस्थायी दरबन्दी विवरण
(स्वीकृत दरबन्दी प्रमाणिकरणको लागि)

आर्थिक बर्षः- २०७८/०७९
आयोजना/निकायको नामः-
आयोजना/निकाय रहेको स्थानः-
आयोजना/निकायले हेर्नु पर्ने क्षेत्र/स्थानः-

ब.उ.सि.नं.
आयोजना/निकाय शुरु भएको मितिः-
आयोजना/निकाय पूरा हुने मितिः-
विदेशी सहयोग भए/नभएकोः-

| सि.नं. | दरबन्दी विवरण | | | गत आ.व. मा स्वीकृत | | आ.व. २०७९/०८० मा दरबन्दी स्वीकृत हुने | | | पद पूर्ति हुने किसिम | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पदको नाम | सेवा/समूह/ उपसमूह | तह | संख्या | रिक्त | नयाँ सिर्जना हुने | कटौती | प्रस्तावित जम्मा | स्थायी | अस्थायी | करार | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

२०७९/३/२८

(तीर्थराज उपाध्याय)
अधिकृत सातौं

बोधार्थः-
श्री सूचना तथा सञ्चार समन्वय शाखाः वेबसाइटमा अपलोड गरि दिनु हुन।

फोन नं.०५७५२२३८५, ३८७, ८९७, ८९८, ३९७ फ्याक्स नं.: ५२७५०७ वेबसाइट www.ocmcm.bagamati.gov.np ईमेल ocmcm.bagamati@gmail.com

CamScanner